# तिरहुत गाउँपालिका
## तिरहुत गाउँकार्यपालिकाको कार्यालय

पत्र संख्या : २०७६/०७७

च. नं. :

मिति : २०७७/०३/०२

सूचना ! सूचना !! सूचना !!!

**औषधि खरिद सम्बन्धि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति :- २०७७/०३/०२**

यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाको लागि चालु आ.व. २०७६/०७७ मा आवश्यक पर्ने औषधी सम्बन्धी समाग्रीहरु शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरिनुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त रजिष्टर्ड, उत्पादक कम्पनी तथा वितरकबाट निम्न शर्तको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१ प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रु. १०००/- (फिर्ता हुने गरी) यस गा.पा.को स्टोर शाखामा नगद दाखिला गरी आयकर दर्ता प्रमाण पत्र तथा मु.अ.कर दर्ता प्रमाण पत्र, फर्म, संस्था वा कम्पनी दर्ता प्रमाण पत्र, औषधी व्यवस्था विभागबाट औषधी कारोबार गर्न लिएको इजाजतपत्रको आ.व. २०७६/०७७ को नविकरणको प्रमाणित प्रतिलिपी, आ.व. २०७५/०७६ को कर चुक्ताको प्रमाण पत्र समेतको प्रतिलिपीहरु संलग्न राखी रु. १०/- को टिकट टाँसी शिलबन्दी दरभाउपत्र दाता वा निजको आधिकारीक प्रतिनिधिले शिलबन्दी दरभाउपत्र फाराम यस कार्यालयको स्टोर (राजश्व) फाँटमा निवेदन पेश गरी शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ।

२ सुचना प्रकाशित भएको मितिले १६ औं दिनको दिउँसो १२:०० बजे भित्र शिलबन्दी दरभाउपत्र रितपूर्वक भरी यस कार्यालयमा शिलबन्दी दरभाउपत्र दर्ता गराई सक्नुपर्ने छ। दर्ता भएका शिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन। शिलबन्दी दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ र शिलबन्दी दरभाउपत्र १६ औं दिन दिनको २:०० बजे खोलिनेछ।

३ शिलबन्दी दरभाउपत्र दर्ता गर्दा जमानत वापतको रकम एन आई सि एसिया बैंकको शाखा कार्यालय, तिरहुत गाउँपालिका सप्तरीमा रहेको तिरहुत गाउँकार्यपालिकाको कार्यालयको धरौटी खाता नं.N3CA000736452406मा दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तीमा ७५ दिन म्याद (शिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति देखी) भएको मान्यता प्राप्त बिडबण्ड (जमानत पत्र) शिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ। शिलबन्दी दरभाउपत्र दाताले मूल्य अभिवृद्धि कर बाहेकको दर अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षर स्पष्ट उल्लेख भएको दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिईनेछ।

४ सम्पूर्ण आईटमको योग कबोल गरेको दरले हुन आउने न्युनतम जम्मा मूल्यको दरभाउपत्र दाताको शिलबन्दी दरभाउपत्र स्वीकृत गरिनेछ र शिलबन्दी दरभाउपत्र स्वीकृत रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

५ शिलबन्दी दरभाउपत्र दाताले आफुले खरिद गरेकै शिलबन्दी दरभाउपत्र दर्ता गराउनु पर्नेछ। फोटोकोपी गरी पेश गरेको शिलबन्दी दरभाउपत्रलाई मान्यता दिईने छैन। साथै शिलबन्दी दरभाउपत्रमा कुनै शर्त राखी पेश गरेमा मान्यता हुने छैन।

६ स्वीकृत शिलबन्दी दरभाउपत्र अनुसारको सामान एकमुष्ट वा आवश्यकता अनुसार पटक पटक आदेश दिई खरिद गर्न सकिनेछ। साथै सप्लाई गरिने औषधिको म्याद स्टोर दाखिला मितिले कम्तीमा १८ महिनाको हुनुपर्नेछ र १२ महिना मात्र म्याद हुने औषधीको हकमा कम्तीमा ९ महिना म्याद बाँकी भएको हुनु पर्नेछ।

७ रित नपुगेको शिलबन्दी दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन। साथै शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि कार्यालयले तोकेको समय अवधि भित्र औषधि बुझाउनु पर्नेछ। कबोल गरेको औषधि बुझाउन नसकेमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम कार्वाही हुनेछ। सम्पूर्ण करहरु र कार्यालयको गोदाम घरसम्मको खर्च शिलबन्दी दरभाउपत्रदाताले नै ब्यहोर्नुपर्नेछ।

८ सप्लाई हुने औषधिको प्रत्येक स्ट्रीपमा र प्रत्येक प्याकिंगको बाहिर समेत उत्पादन मिति, Expiry Date, ब्याच नम्बर स्पष्ट रुपमा देखीने गरी लेखीएको हुनुपर्नेछ।

९ शिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको स्टोर फाँट र स्वास्थ्य शाखाबाट बुझ्न सकिनेछ।

१० WHO, GMP Certified Company हरुको औषधि मात्र सप्लाई गर्नुपर्नेछ र औषधिजन्य सामानहरु गुणस्तरयुक्त कम्पनी र नेपाल सरकारबाट बन्देज नलगाईएको हुनुपर्नेछ।

११ प्राप्त भएको औषधि सामानको सक्कल बिलको स्टोर दाखिला भएपछि मात्र बजेट निकासाको आधारमा भुक्तानी दिईनेछ।

१२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० (छ) अनुसार शिलबन्दी दरभाउपत्र दाता खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाँझिएको सम्बन्धी पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भन्ने लिखितरुपमा घोषणा पत्र समेत शिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।

१३ आपुर्ति गरिने औषधिहरु चक्की वा क्याप्सुल स्ट्रीप फर्ममा र बोतलको हकमा प्लाष्टिक बोतल मात्र सप्लाई गर्नुपर्नेछ।

१४ शिलबन्दी दरभाउपत्र फाराममा आफुले सप्लाई गर्ने प्रत्येक औषधि सामग्रीहरुको आईटम वाइज उत्पादक कम्पनीको नाम अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ।

१५ आ.व.२०७६/०७७ को लागि औषधि खरिदमा बजेट रकम थप घट भएको अवस्थामा यसै शिलबन्दी दरभाउपत्रको दररेट अनुसार खरिद गर्न सकिनेछ। शिलबन्दी दरभाउपत्र पेश गरेको मुल्य यस आ.व. को २०७७ असार मसान्तसम्म कायम रहनेछ। थप मूल्य वृद्धिलाई स्वीकार गरिने छैन।

१६ शिलबन्दी दरभाउपत्रदाताले उपलब्ध गराईने औषधि गुणस्तरयुक्त नभएमा फिर्ता गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। यसरी फिर्ता गर्दा लाग्ने ढुवानी खर्च शिलबन्दी दरभाउपत्रदाताले ब्यहोर्नु पर्नेछ।

१७ यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित सार्वजनिक खरि ऐन, २०६३, तथा नियमावली, २०६४ अनुसार हुनेछन्।

१८ अन्य जानकारीको हकमा तिरहुत गाउँकार्यपालिकाको कार्यालय, गोईठी सप्तरीको स्टोर शाखा र स्वास्थ्य शाखामा सम्पर्क गर्न सकिनेछ।

१९ औषधि सामानको जम्मा लागत विवरण निम्नअनुसार उल्लेख गरिएको छ।

| सि.नं. | विवरण | लागत अनुमान रकम मु.अ.कर बाहेक | धरौटी रकम (२.५%) | दरभाउपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| १ | औषधि सामानहरु | रु. १८,४२०००/- | रु.५०,०००/- | रु. १०००/- |

**तिरहुत गाउँपालिका, सप्तरी**

नाथ झा, उप-सम्पादक : रामनारायण विश्वास, प्रमुख सम्वाददाता : धर्मपाल राउत- ९८४२८२२६२४, ले-आउट:- निरज कुमार पण्डित
मन्दिर अगाडी) फोन नं.- ०३१-५२३५८१ इमेल : rajbiraj.today@gmail.com, info@rajbirajtoday.com